श्री ५ को सरकार

# मन्त्रि–परिषद्–सचिवालयको

## सूचना

श्री ५ को सरकारले मिति २०२४।१।१३ मा गरेको निर्णयानुसार देहायका व्यक्ति-हरूलाई देहायबमोजिम नियुक्ति एवं सरुवा गरेको छः–

१. श्री रत्नबहादुर गुरुङ्गलाई कोशी अञ्चलाधीश कार्यालय शाखा नं. १ धनकुटाको सहायक अञ्चलाधीश पदबाट सोही अञ्चलको शाखा नं. २ मोरङ्गको सहायक अञ्चलाधीश पदमा सरुवा ।

२. श्री जगबहादुर बुढाथोकीलाई गृह पञ्चायत–मन्त्रालयको उप–सचिव पदबाट कोशी अञ्चलाधीश कार्यालय शाखा नं. १ धनकुटाको सहायक अञ्चलाधीश पदमा सरुवा ।

३. श्री पुष्पबहादुर स्वाँरलाई महाकाली अञ्चलाधीश कार्यालय शाखा नं. २ डडेल्धुराको सेक्शन अफिसर पदबाट बागमती अञ्चलाधीश कार्यालयको सेक्शन अफिसर पदमा सरुवा ।

४. श्री केशवदास प्रधानलाई नेपाल प्रशासन सेवाको राजपत्रांकित द्वितीय श्रेणीबाट लेखा परीक्षण सेवाको राजपत्रांकित द्वितीय श्रेणीमा सरुवा ।

५. श्री मुकुन्दप्रसाद उपाध्यायलाई वन मन्त्रालयको सेक्शन अफिसर पदबाट निर्वाचन आयोगको सेक्शन अफिसर पदमा सरुवा ।

६. श्री श्यामबहादुर पाण्डेलाई रेखदेख दौडाहाको सेक्शन अफिसर पदबाट निर्वाचन आयोगको सेक्शन अफिसर पदमा सरुवा ।

७. श्री उदयबहादुर बनियाँलाई कपिलवस्तु माल अड्डाको सेक्शन अफिसर पदबाट निर्वाचन आयोगको सेक्शन अफिसर पदमा सरुवा ।

८. श्री रामकृष्ण श्रेष्ठलाई सि. सि. एफ. कार्यालयको सेक्शन अफिसर पदबाट वन मन्त्रालयको सेक्शन अफिसर पदमा सरुवा ।

९. श्री शंकरनाथ अधिकारीलाई नेपाल राष्ट्रिय पुस्तकालयमा राजपत्रांकित अधिकृत तृतीय श्रेणी विविध सेवाको बिब्लियोग्राफर पदमा नियुक्ति ।

१०. श्री हेमबहादुर श्रेष्ठलाई नेपाल लोकसेवा आयोगमा नेपाल प्रशासन सेवाको राजपत्रांकित तृतीय श्रेणीको सेक्शन अफिसर पदमा नियुक्ति ।

११. श्री कृष्णप्रसाद न्यौपानेलाई आर्थिक योजना–मन्त्रालयमा नेपाल प्रशासन सेवाको राजपत्रांकित तृतीय श्रेणीको सिनियर एकाउण्टेण्ट पदमा नियुक्ति ।

आज्ञाले–
कुलशेखर शर्मा
श्री ५ को सरकारको मुख्य सचिव ।

९३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।